मिति २०७८ कार्तिक ०४ गते

# प्रेस विज्ञप्ति

*चितवनका भीमबहादुर विश्वकर्माका हत्यारालाई कार्वाही गर ।*

चितवन जिल्लाको भरतपुर नगरपालिका वडा नंबर ४ का ५८ वषीय भीमबहादुर विश्वकर्मामाथि मिती २०७८ असोज २८ गतेका दिन स्थानीय दुर्गा मन्दिरमा पूजा गर्न पाउनुपर्छ भन्ने माग गर्दा सामन्य विवादमा कुटपीट गरी जघन्य हत्या गरेको घट्नाप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । हामी सो अमानवीय घट्नाको घोर भर्त्सना गर्दछौ ।

विश्वकर्माले दुर्गा मन्दिरको प्राङ्णमा जम्मा भएका स्थानीयहरुका बीचमा गएर यस मन्दिरमा हामीले पनि पुजा गर्न पाउने कि नपाउने भनेर प्रश्न गर्दा स्थानीय सीताराम बस्नेतले असंभव कुरा गर्छस भन्दै पाइपले कुटेर घाइते बनाएका थिए । कुटाइबाट घाइते भएका भीमबहादुर विश्वकर्मा स्थानीय पल्लवी फार्मेसीमा ज्यान बचाउन प्रवेश गर्न लाग्दा फार्मेसीका संचालक दिलिप श्रेष्ठले मुक्काले टाउकामा हिर्काएर बेहोस हुने गरी भुइमा ढालेका थिए । निज भीमलाई चितवन मेडिकलमा उपचार्थ लैजादा डाक्टरहरुले मृत्यूको घोषणा गरेका थिए । यसरी नेपालीहरुको महान पर्व दशैं मनाइरहेका बेला मन्दिरमा पूजा गर्न पाउनुपर्ने कुरा उठाएकै भरमा कुटीकुटी हत्या गर्ने अमानवीय राक्षसी प्रवृतिको जति विरोध गरे पनि कमै हुन्छ ।

निज भीमबहादुर विश्वकर्माका आततायी हत्याराहरुमाथि तत्काल कडाभन्दा कडा कार्वाही गर्न र भीमबहादुर विश्वकर्माका परिवारलाई न्यायपूर्ण क्षेतिपूर्ति प्रदान गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं । साथै, जातीय छुवाछूत र भेदभावको अन्तय गर्न नेपाल सरकारले विशेष कदम चाल्न माग गर्दछौं । साथै चितवन स्थित डेढ  दर्जन बढी संघ संगठनहरुद्वारा भीम विश्वकर्मा संघर्ष समिति गठन गरेर आन्दोलनमा उत्रेका छन सो आन्दोलनमा संघ सस्थहरुको तर्फबाट पूर्ण ऐक्यबद्धता रहेको अवगत गराउन चाहन्छौं ।

**संघ,संस्थाको तर्फबाटः**

१. चक्र बि.के. अध्यक्ष, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ कैलाली

२. हुकुम ब. सार्की, टीम लिडर, राष्ट्रिय दलित नेटवर्क

३. बिनोद घिमिरे, संयोजक दलित महिला संघ (फेडो) कैलाली

४. मनोज जैगडी, केन्द्रीय अध्यक्ष, मिसन अम्बेडकर नेपाल

५. खडक बि.के. प्रदेश संयोजक, दलित गैर सरकारी संस्था महासंघ सुदुरपश्चिम प्रदेश

६. बिष्णु बि.के.अध्यक्ष फुलबारी महिला बिकास मंच

**राजनितिक दलका प्रतिनिधीको ऐक्यबद्धता**

१. सर्मिला बागचन्द, केन्द्रीय महासचिव, संघीय दलित मुक्ति प्रान्तिय मंच

२. खडक नागरी, प्रदेश संयोजक, नेपाल परिवार दल सुदुरपश्चिम प्रदेश